कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.स.: ०७८।७९
च.न.: 40

मितिः २०७८।०४।०७

**विषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।।।**

**श्री १ देखि १५ नं वडा कार्यालय सबै**
**कोहलपुर नगरकार्यपालिकाको कार्यालय**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७८।०४।०३, च.न. ६१ को परिपत्र अनुसार सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को बजेट वक्तव्य बमोजिम आ.ब. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा यस कोहलपुर नगरपालिका अन्तर्गत १५ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई **२०७८ भाद्र मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन सुचित गरिन्छ ।बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा / बाबु / संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने छन् ।

२०७८।४।७

कर्ण बहादुर थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री श्री.नि.पि. प्रयकार्यविधिशाखा
कोहलपुर, बाँके।

" हरित संगमस्थल हाम्रो शहर , सुन्दर समृद्ध कोहलपुर नगर "

वेब साइट : www.kohalpurmun.gov.np ई-मेल : kohalpurmun@gmail.com फोन नं. ०८१-५४०००९
info@kohalpurmun.gov.np ०८१-५४०३१८